# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ५६ औं वर्ष पूरा गरी ५७ औं वर्षमा प्रवेश गरेको छ । यस उपलक्ष्यमा बैंकले आज एक कार्यक्रमको आयोजना गरी वार्षिकोत्सव सम्पन्न गरेको छ । कार्यक्रममा नेपाल राष्ट्र बैंकका उच्च पदाधिकारीहरू, सञ्चालक समितिका सदस्यहरू, पूर्व गभर्नरहरू, वित्तीय संस्थाका प्रमुख तथा वित्तीय क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । गभर्नर डा. युवराज खतिवडाले पानसमा बत्ती बाली कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।




कार्यक्रममा वक्तव्य दिनुहुँदै गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंकको काम कारवाहीमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरू तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्थाहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुभएको थियो । उहाँले मुलुकको आर्थिक स्थितिका बारेमा सङ्क्षिप्त प्रकाश पार्नुहुँदै वर्तमान आर्थिक परिसूचकहरू उत्साहप्रद र सकारात्मक बन्दै गएको धारणा राख्नुभएको थियो । यस क्रममा उहाँले वस्तु निर्यात व्यापारमा सुधार भएको, चालू खाता बचतमा रहेको, शोधनान्तर बचत हालसम्मकै उच्च रहेको, विदेशी मुद्रा सञ्चितिको स्तर उच्च रहेको, मूल्य वृद्धिदर कम हुँदै गएको तथा वित्तीय प्रणालीमा पर्याप्त तरलता रहेको प्रकाश पार्नुहुँदै प्रभावकारी मौद्रिक तथा वित्तीय नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम गर्न सहयोग पुगेको धारणा राख्नुभयो । समष्टिगत आर्थिक स्थायित्व र वित्तीय क्षेत्र स्थायित्व कायम गर्न बैंकले लिएका नीति तथा तिनको प्रभावकारी कार्यान्वयनको प्रतिफलका बारेमा प्रकाश पार्नुहुँदै गभर्नर डा. खतिवडाले यसैको प्रतिफलका रूपमा मुलुकको वित्तीय स्थिति सही दिशामा रहेको र यसले दिगो आर्थिक वृद्धिका लागि अनुकूल वातावरण सिर्जना गरेको विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. खतिवडाले बैंकमा वीस वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई सेवा उपहार तथा कदर पत्र प्रदान गर्नुका साथै बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा बैंकभित्रका कर्मचारीहरूबीचमा आयोजित आर्थिक लेख प्रतियोगिता र अन्तर विभागीय भलिबल प्रतियोगिताका विजेताहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सो आर्थिक लेख प्रतियोगितामा उप-निर्देशक राजनविक्रम थापा प्रथम, सहायक निर्देशक शालिकराम पोखरेल द्वितीय तथा उप-निर्देशक डा. विष्णप्रसाद गौतम तृतीय हुनुभएको छ । यसै गरी भलिबल प्रतियोगितामा विकास बैंक सुपरिवेक्षण विभाग प्रथम, बैंकिङ कार्यालय द्वितीय तथा जनशक्ति व्यवस्थापन विभाग तृतीय भएका थिए । साथै, गभर्नर खतिवडाले बैंकका पूर्व कार्यकारी निर्देशक भोलाराम श्रेष्ठद्वारा लिखित '**नेपालको वित्तीय प्रणाली : एक पर्यावलोकन**' तथा नेपाल राष्ट्र बैंकका कर्मचारी श्यामप्रसाद खतिवडाद्वारा

लिखित "Glimpses of Nepalese Paper Currency" नामक पुस्तकहरूको विमोचन गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर गोपालप्रसाद काफ्लेले स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपालको वित्तीय क्षेत्रका सकारात्मक परिसूचकहरूले हामी सबैमा सुविधाजनक अनुभूति सञ्चार भएको विचार व्यक्त गर्नुभएको थियो । पूर्व गभर्नर गणेशबहादुर थापाले नियमनकारी निकाय नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाबीचको आपसी सल्लाह एवम् छलफलबाट वित्तीय प्रणालीमा रहेका समस्याहरूको समाधान हुने र वित्तीय क्षेत्र स्थायित्व कायम गर्न मद्दत पुग्ने धारणा राख्नुभयो । सो अवसरमा अध्यक्षहरू क्रमशः नेपाल राष्ट्र बैंक, कर्मचारी संघका वसन्तराज पाण्डे, नेपाल वित्तीय संस्था कर्मचारी संघका पदमराज रेग्मी, नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनका जगदीशप्रसाद ओझा र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका डा. रेवतबहादुर कार्कीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर महाप्रसाद अधिकारीले धन्यवाद मन्तव्य व्यक्त गर्नुहुँदै वित्तीय क्षेत्र स्थायित्वका लागि बैंक तथा वित्तीय संस्था स्वयम् नियमनमा रहनुपर्ने र यस कार्यमा सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहने धारणा राख्नुभएको थियो ।

२०६९ वैशाख १४

गभर्नरको कार्यालय